जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९
जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९
"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"
शुभ आरम्भ
Shubharambh National Daily
राष्ट्रिय दैनिक
वर्ष : ३ | अंक : १७९ | २०८० साल, चैत्र ०७ गते बुधबार | Wednesday 20 March, 2024 | पृष्ठ : ४ | मूल्य रू. ५/-

# बारामा एक महिना नबित्दै २ पोथी बाघ मृत अवस्थामा भेटियो



*अखिलेश कुमार यादव*
*बारा, ०६ चैत्र ।*

बारामा एक महिना नबित्दै २ वटा बाघको मृत्यु भएको छ । मंगलबार बिहान डिभिजन वन कार्यलयको कोल्हवी सव डिभिजनअन्तर्गतको क्षेत्रमा पोथी बाघ मृत फेला परेको हो। मंगलबार बिहान स्थानीय बासिन्दाले मरेको बाघ देखेपछि वन कार्यालयलाई खबर गरेका थिए । चार-पाँच दिनअघि नै मरेको जस्तो देखिने उक्त पोथी बाघ करिब २ वर्षको रहेको डिभिजन वन कार्यालय बाराले जनाएको छ । बाघको टाउकोमा ठूलो प्वाल भएको कारण बाघलाई कसैले गोलि हानेर मारेको प्राम्भिक अनुसन्धानमा देखिएको छ ।यता डिभिजन वन कार्यालय बाराले बाघको मृत्यु के कसरी भएको हो बारे पोस्टम्यार्टम रिपोर्ट आए पछि मात्र जानकारी हुने बताएको छ ।फाल्गुनमा बाराको निजगढ- ४ स्थित कछडिया सामुदायिक वनमा एक वयस्क पोथी बाघ मृत भेटिएको थियो। वयस्क पोथी बाघको शरीरमा कुनै घाउ चोट नभएकोले स्थानीयहरूले मासुमा विष हालेर छाडेको हुनसक्ने डिभिजन वन कार्यालय बाराले जनाएको थियो ।बारा र पर्सामा १ महिनामा ७ वटा बाघ मरेको छ ।पर्सा राष्ट्रिय निकुञ्जले जनवारको राम्रो संग हेरचाह नगरेको कारण बारा र पर्सामा बाघ मर्नेको संख्या बढेको छ ।

# पर्सामा बाघको आतंक बढ्यो,बाघको आक्रमणबाट एक महिलाको मृत्यु



*पर्सा, ०६ चैत्र ।*

पर्सामा बाघको आतंक बढ्दै गएको छ । पर्साको ठोरीमा जंगलमा घास काट्न गएका बेला बाघको आक्रमणबाट एक महिलाको मृत्यु भएको छ। बाघको आक्रमणमा परेर ठोरी गाँउपालिका- ४ मालीबस्तीकी ४० वर्षीय कलावती सुवेदीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । महिलालाई आक्रमण गरी ज्यान लिने बाघ भने जंगलतिर भागेको स्थानीयले बताएका छन्। मृतक महिलाको शव परीक्षणको लागि नारायणी अस्पतालमा पठाइएको इलाका प्रहरी कार्यालय ठोरीले जनाएको छ। यसअघि गत पुसमा पनि बाघले पटेर्वा सुगौली गाउँपालिका- २ मा पनि एक जनाको ज्यान लिएको थियो ।

# आधुनिक मेसिनको माग बढ्दा बिश्वकर्मा समुदायको पूर्खौली पेशा संकटमा

*पर्सा, ०६ चैत्र ।*

वर्तमान समयमा कृषि परियोजनाका लागि विश्वकर्मा समुदायको पूर्खौली पेश संकटमा परेको छ । विभिन्न प्रकारका आधुनिक मेशिन तथा औजारको माग बढेसँगै उनीहरुको पूर्खौली पेशा संकटमा परेको हो । ट्याक्टरको प्रयोग गरी फाली तथा रोटाभेटरर्सले खेतको जोताई कार्य र धान गँहु



भित्र्याउन हार्भेस्टर तथा थ्रेसर लगायतका मेशिनहरुको प्रयोग बढ्दा परम्परागत औजारको माग घट्दो छ । जसकारण, विश्वकर्मा समूदायको लोहसारी (फलामको औजार उत्पादन तथा मर्मत गर्ने स्थान) लोपोन्मुख बनेको हो । घरायसी तथा खेती किसानी सामान्य कार्यका लागि प्रयोग हुने, हसिया, खुर्पी, खुर्पा कोदालो, बन्चरो तथा खुकुरी बनाउन तथा मर्मतका लागि मात्र सर्वसाधारणहरु लोहसारी आउने जीराभवानी गाउँपालिका वडा नं ३ नौकाटोलाका प्रेम बिश्वकर्माले बताए । उक्त पेशामा काम गरे वापत पाउने ज्याला निकै कम भएकोले विश्वकर्मा समूदायका मानिसहरुले यो पेशा छाड्दै गएको उनको भनाइ छ। परम्परागत चलन अनुसार वार्षिक रुपमा तोकिएको प्रतिपरिवार १ मन (४० केजी) धानबाट परिवारको खर्च धान्न नसक्दा समूदायका नयाँ बशंज अन्य पेशातर्फ आकर्षित भएको उनी बताउँछन् । यस पेशामा आय अत्यन्तै न्यून भएकाले अबका सन्तती अन्य पेशा रोज्दै शहर तथा बैदेशिक रोजगारीमा जाने गरेको उनको जिकिर छ । त्यस्तै जगरनाथपुर गाउँपालिका वडा नं १.पाण्डेपुरका अनन्त ठाकुर लोहारले पूर्खौली पेशा जोगाउनै लागि काम गरेको जनाए । तर यो पेशाबाट जिविकोपर्जन गर्न भने सकस हुने बताउँछन्। बढ्दो आर्थिक मन्दी र महंगाइका तथा

(बाँकी तेश्रो पेजमा)

# एन प्याब्सन जीतपुरसिमराका नवनिर्वाचित कार्यसमिति सदस्यले गरे शपथ ग्रहण



*अखिलेश कुमार यादव*
*बारा, ०६ चैत्र ।*

राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसिएसन नेपाल (एन प्याब्सन) जीतपुरसिमरा नगर कमिटिमा हाले निर्वाचित नयाँ कार्यसमितिको मंगलबार शपथ ग्रहण तथा पदस्थापन गरिएको छ ।

निर्वाचन संयोजक सुबोध कुमार गुप्ताले नवनिर्वाचित अध्यक्ष अनिल तिवारी सहितका पदाधिकारी र कार्यसमिति सदस्यहरूलाई पदस्थापन तथा शपथ ग्रहण गराएका हुन् । निर्वाचन संयोजक गुप्ताले नवनिर्वाचित अध्यक्ष, पदाधिकारी तथा कार्यसमिति सदस्यहरूलाई निर्वाचित भएको प्रमाणपत्र वितरण गरे । शपथ ग्रहणपछि कार्यक्रममा नवनिर्वाचित अध्यक्ष अनिल तिवारीले विद्यालयहरूको संस्थागत विकास र हकहितमा सधैँ क्रियाशील भएर लागि पर्ने बताए । शनिवार एन प्याब्सन जीतपुरसिमरा नगर कमिटिको अधिवेशन बाट उपाध्यक्षमा दिपेन्द्र कुमार साह, सचिवमा सरोज चन्द्र कार्की, कोषाध्यक्षमा नरेन्द्र तामाङ्ग, सदस्यमा गौतम चौधरी, मधुसुदन चौधरी नर्विरोध निर्वाचित भएको थियो । त्यस्तै मंगलबार एन प्याबसन जीतपुरसिमरा नगर कमिटिको प्रथम बैठक सम्पन्न भएको छ । प्रथम बैठक मा एन प्याब्सनको तर्फ प्रतिनिधिको रुपमा बसन्त ढकाललाई पठाउने निर्णय गरिएको अध्यक्ष तिवारीले बताए ।एन प्याब्सन जीतपुरसिमरा नगर कमिटि गठनमा अहम भूमिका खेलेका एन प्याब्सनका पदाधिकारीलाई एन प्याब्सन जीतपुरसिमरा नगर कमिटीले धन्यवाद ज्ञापन समेत गरेको छ ।

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
डिभिजन वन कार्यालय, रौतहट
चन्द्रनिगाहपुर
फोन नं. ०५५-५४०२१०

डिभिजन वन कार्यालय, रौतहटको सुचना

*प्रथम पटक प्रकाशित मिती २०८०।१२।०७*

डिभिजन वन कार्यालय, रौतहटको आ.व २०८० /२०८१ को स्विकृत वार्षिक कार्यक्रम अनुसार पकेट क्षेत्रमा जडिबुटि खेती विस्तार कार्यक्रम अन्तर्गत पकेट क्षेत्रमा जडिबुटि खेती कार्यक्रमका लागि बजेट व्यवस्था भएको हुंदा सो सम्बन्धमा मिती २०८०।१२।०६ गते बसेको जडिबुटी फोकल टिम रौतहटको बैठकको निर्णयानुसार उक्त कार्यक्रम संचालन गर्नका लागि विस्तृत सुचनामा तोकिए अनुसारको कागजातहरु संलग्न राखि निवेदन पेश गर्न सरोकारवालाहरुको जानकारीको लागि यो १५ (पन्ध्र) दिने सुचना प्रकाशित गरिएको छ । प्रस्तावको ढाचा, लगायतको विस्तृत जानकारी यस कार्यालयको Website : dforutahat.gov.np मा र सुचना पाटीमा राखिएको छ ।
सम्पर्क नं ०५५-५४०२१०

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - पचरौता नगरपालिका, बारा

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| सह-सम्पादक | : रंजित यादव |
| समाचार सम्पादक | : आ.के ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्युटर अपरेटर | : एन.आर.वाई. |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५/९८१४२३२७०२ |
| सम्पर्क कार्यालय | : कलैया - १४ , बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया बारा |

shubharambhdaily@gmail.com


## सम्पादकीय.............

### सुन प्रकरणमा कारबाही : शंकाकै घेरामा

बहुचर्चित सुन प्रकरणको छानबीन गर्न उच्च अदालतका पूर्व कायम मुकायम मुख्य न्यायाधीश डिल्लीराज आचार्यको नेतृत्वमा गठित उच्च स्तरीय आयोगले प्रतिवेदन तयार पारेसँगै राष्ट्रिय राजनीतिमा ठूलै हलचल आएको छ । आयोगले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) को अनुसन्धानमै प्रश्न उठाएर प्रतिवेदन तयार पारेको थियो । उक्त प्रतिवेदन बिहीबार गृहमन्त्री रविलामिछानेलाई बुझाइएको थियो । गृहमन्त्री लामिछानेले त्यसैदिन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग प्रतिवेदनबारे छलफल गरेका थिए भने शुक्रबार प्रतिवेदन बुझाएका थिए । प्रतिवेदन बुझ्केकै अपरान्ह मन्त्रिपरिषद्को बैठक राखेर आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेको थियो । आयोग बन्ने अनि आयोगले दिएको प्रतिवेदन बेवास्ता गर्ने प्रवृत्ति तोड्दै सरकारले देखाएको तदारुकताले थप तरंग आएको देखिन्छ । किनकि यो प्रतिवेदनले सीआईबीकै अनुसन्धान समेत समस्या देखाएको थियो भने सीआईबीका प्रमुख एआइजी किरण बज्राचार्य सहितका प्रहरी अधिकृतमाथि समेत कार्बाहीको सिफारिस गरिएको थियो । एआइजी बज्राचार्यसहित प्रहरी अधिकारीहरुमाथि कसैलाई जोगाउनेगरी अनुसन्धान प्रक्रिया अपनाइएको आरोप लागेको छ । राजनीतिसँग जोडिएका व्यक्तिहरु अनुसन्धानको दायरामा नल्याइएको आयोगको प्रतिवेदनप्रति गृहमन्त्री लामिछानेले सार्वजनिक रुपमै असन्तुष्टि जनाएका थिए । तर आयोगको प्रतिवेदन कार्यान्वयनको निर्णयले नागरिक पंक्तिमा आशा समेत जगाएको छ ।

अझ प्रतिवेदन बुझ्केकै दिन सुन प्रकरणमा जोडिएका पूर्व उपराष्ट्रपति नन्दबहादुर पुनका छोरा दिपेश पुन पक्राउ परेका छन् । शुक्रबारै पूर्व उपराष्ट्रपति पुनका वैदेशिक मामिला विज्ञ जीवनकुमार गुरुङविरुद्ध मुद्दा दर्ता भएको । सुन तस्करीमा दिपेश जोडिएको प्रमाणसहित सार्वजनिक भइसकेको थियो । सीआईबीको अनुसन्धान बाहिर राखिएकाले उनी पक्राउ पर्न सकेका थिएनन् । तर दोषी छुटाउने मनसाय राखिएकाहरुलाई पनि नछोड्ने गृहमन्त्री लामिछानेले सार्वजनिक प्रतिबद्धता जनाएकाले राजनीतिक तरंग उत्पन्न भएको हो । आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने मन्त्रिपरिषद्को निर्णय र गृहमन्त्रीको अभिव्यक्तिलाई लिएर नागरिक पंक्तिमा आशा देखिनु स्वभाविक हो । तर सँगै आशंका पनि देखिन्छ । किनकी यसअघि पनि ठूला भ्रष्टाचारका मुद्दा अगाडि बढिसकेपछि रोकिएको थियो ।

निवर्तमान गृहमन्त्री नारायणकाजी श्रेष्ठले ललितानिवास जग्गा प्रकरण, भुटानी शरणार्थी प्रकरण, सुन बरामद जस्ता कार्बाही अगाडि बढाएका थिए । तर ठूला नेताहरु पक्राउ पर्नासाथ लगभग सबै अनुसन्धान रोकिएको थियो । सुन तस्करी प्रकरणमा पनि विपक्षी भूमिकामा रहँदा एमाले, रास्वपा लगायतको संसद् अवरोधका कारण उच्च स्तरीय आयोग गठन गरिएको थियो । यो आयोगले प्रहरीकै उच्च अधिकारीहरुको अनुसन्धानमाथि प्रश्न उठाउनेदेखि सरकारकै नेतृत्व गरिरहेको माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महरा सहित उच्च तहका नेताहरुलाई मुद्दा चलाउन सिफारिस गरेको छ । स्वयं गृहमन्त्री लामिछानेलाई समेत सहकारी गठीका मुद्दामा जोडिएर सूचना यसअघि सार्वजनिक भएका थिए । त्यसैले सरकारले केही दिन यता देखाएको तत्परताले निरन्तरतामा पाउनेमा आशंका छ । यस्तो आशंका तोड्न सक्नु जरुरी छ ।

# खाद्य प्रणाली सम्मेलन र किसान विद्रोह

*- डा. रामहरि पौड्याल*

संयुक्त राष्ट्रसंघको खाद्य तथा कृषि संगठनको मुख्यालय इटालीको रोममा आयोजना भएको ‘युनाइटेड नेसन्स फुड सिस्टम-२०२३ स्टकिङ मोमेन्ट’लाई सम्बोधन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहालले भोक र खाद्य असुरक्षाविरुद्धको लडाइँ अझै दृढताका साथ लड्नुपर्ने बताएका छन् । दुःखको कुरा उनकै गृह जिल्ला चितवनमा किसानहरूले सडकमा दुध पोखेर आक्रोश व्यक्त गरेका छन् गत हप्ता। कहिले नारायणगढको मूल सडकमा तरकारी छरेर त कहिले टिप्न ठिक्क परेको बन्दागोभी जोतेर विद्रोहमा उत्रन बाध्य छन् चितवनका किसानहरू । अर्कातिर दुधको अर्बौं पैसा, उखुको पैसा र राजनीतिक पार्टीका ठुलाठालुले तराईका किसानलाई मिटरब्याजको पासोमा पारेको विरोधमा २५ दिन लगाएर खाली खुट्टा राजधानी आएका किसानहरूका रक्तिम खुट्टाको दुखाइको मूल्य नदेखिनु/नसुनिनु एउटा डरलाग्दो संकेत हो । जर्मनीको बर्लिनमा सुरु भएको किसान विद्रोह क्रमशः फ्रान्स, बेल्जियम, नेदरल्यान्ड्स, पोल्यान्ड, स्पेन, इटाली, ग्रिसलगायत देशमा विस्तारित भइरहेको छ। यो विद्रोह युरोपबाट भारत हुँदै नेपालसम्म आइपुगेको संकेत प्रधानमन्त्रीको गृहजिल्ला चितवनका दुग्ध किसानहरूले बाटोमा दुध पोखेर गरेका छन् । किसानले दुध बिक्री गरेको ६ अर्बभन्दा धेरै रकम पाएका छैनन्। जसमध्ये सरकारी स्वामित्वको दुग्ध विकास संस्थान (डिडिसी) ले तिर्नुपर्ने मात्रै दुई अर्बभन्दा बढी रहेको राष्ट्रिय दुग्ध किसान सहकारी संघ लिमिटेडले जनाएको छ । सरकारी र अधिकांश निजी डेरी उद्योगले गत असोजदेखि किसानलाई दुधको पैसा दिएका छैनन्। त्यसो त यस्तो विद्रोह चितवनमा गत साल नारायणगढबिचमा तरकारी फालेर गरिएको थियो। कहिले टिप्न ठिक्क पारिएको बन्दागोभी ट्र्याक्टरले जोतेर विरोध गर्छन् चितवनवासीले । किसानहरूले बर्लिनको केन्द्र मानिने ब्रान्डनबर्ग गेटमा योजनाबद्ध विरोध गरे। ‘तपाईंको राजनीति किसानविरुद्ध युद्धको घोषणा हो’ र ‘यो अति अति भयो (टु मच इज टु मच), अब सकियो’ लेखिएका प्लेकार्ड बोकेर किसानहरूले सरकारको विरोध गरिरहे । सन् २०२४ मा मितव्ययिता अपनाउने जर्मन सरकारका उपायहरूको एक भागका रूपमा कृषि सवारी साधनका लागि डिजेल अनुदान र कर छुट कटौती गर्ने योजनाविरुद्ध सयौं जर्मन किसान र उनीहरूका ट्र्याक्टर मध्यबर्लिनमा तेर्साइयो । हालसालै एक संवैधानिक अदालतको निर्णयपछि ६० बिलियन युरो छुट्याइएको ऋण रद्द गरेपछि संघीय सरकारले किसानका लागि अनुदानमा वार्षिक ९०० मिलियन युरो बचत गर्ने योजना घोषणा गर्‍यो । यो सरकारी नीतिविरुद्ध जर्मन किसानहरू आगो भएर सडकमा उत्रेका हुन्। युरोपका किसानहरू बढ्दो लागत र कर, रातो टेप, अत्यधिक वातावरणीय नियम र सस्तो खाद्यान्न आयातबाट प्रतिस्पर्धाको सामना गरिरहेको भन्दै युरोपियन युनियनभर विरोध प्रदर्शन गरिरहेका छन् । पोल्यान्डका किसानले युक्रेनको सिमानामा यातायात अवरुद्ध गर्दै आएका छन्, जसलाई किभले आफ्नो रक्षा क्षमतामा असर गरिरहेको र रुसको उद्देश्यलाई मद्दत गरिरहेको रूपमा लिएको छ। यसैबिच चेक किसानहरूले आफ्ना ट्र्याक्टरहरू डाउनटाउन प्रागमा चलाएका छन्, कृषि मन्त्रालयबाहिरको यातायातमा बाधा पुर्‍याएका छन् । किसानहरूले कृषि आयातमा असन्तुष्टि जनाएका छन् किनभने त्यस्ता सस्ता आयातले युरोपेली किसानको उत्पादन मूल्यमा ठुलो प्रभाव पार्छ। अर्कातिर युरोपियन किसानमा लागु गरिएको वातावरणीय मापदण्डले किसानलाई झन् समस्यामा पारेको देखिन्छ । युरोपियन युनियन र दक्षिण अमेरिकी ब्लक मर्कोसुरबिचको व्यापार सम्झौतालाई निष्कर्षमा पुर्‍याउन नवीकरण गरिएको वार्ताले पनि चिनी, अन्न र मासुमा अनुचित प्रतिस्पर्धाबारे असन्तुष्टि फैलाएको छ । बेलायती किसान पनि सडकमा विरोधको मुख्य केन्द्र वेल्स सरकारको दिगो खेती योजनामा गरिएको नयाँ प्रस्ताव हो -ब्रेक्सिटपछिको योजना २०२५ देखि उद्योगलाई आर्थिक सहयोग गर्ने। किसानहरूले आफ्नो १० प्रतिशत जमिनमा अनिवार्य रुख रोप्ने सुनिश्चित गर्न प्रतिबद्ध हुनुपर्छ भन्ने एउटा विचार हो । जलवायु परिवर्तनसँग जुध्न र बेलायतलाई सन् २०५० सम्म कार्बनशून्य बनाउने प्रतिबद्धताको एउटा पक्ष भए पनि किसानहरूले तर्क गर्छन् कि यो महँगो, अव्यावहारिक हुनेछ र तिनीहरूलाई यो कागजी कार्यले झन्झटिलो हुनेछ । बेलायतमा यतिखेर नदीखोलाहरू प्रदूषित भएका हुनाले त्यसलाई रोक्न र खोलाहरूमा पानीको गुणस्तर जोगाउनका लागि बनाइएका मानव निर्मित मल र पशुजन्य मलको फैलावटलाई नियन्त्रण गर्न कडा नियम लागु गरेकोमा केही किसानहरू पनि आक्रोशित छन् । बेलायती किसानहरूले ‘क्रप रोटेसन’लाई झन्झटिलो माने पनि कृषि विज्ञहरूका अनुसार क्रप रोटेसन बालीनालीमा एक आधारभूत अभ्यास हो, जहाँ एकै प्रकारको पारम्परिक खेती नगरेर उक्त मौसममा विभिन्न बालीको व्यवस्थित खेती गरिन्छ । उदाहरणका लागि बन्दागोभी एक वर्ष, त्यसपछि टमाटर र तेस्रो वर्षमा सिमी रोप्न सकिन्छ। यो रणनीतिक परिक्रमाले विभिन्न बालीले किरालाई आकर्षित गर्ने भएकाले विशेष किरा र रोगहरूको जीवनचक्रलाई बाधा पुर्‍याएर कीट र रोगको दबाबलाई कम गर्छ। विभिन्न बालीले माटोमा फरक फरक पोषक तत्त्व प्रदान गर्ने भएकाले पौष्टिक तत्त्वको विविधीकरण गरेर माटाको स्वास्थ्य सुधार हुन्छ । युकेको कुल हरितगृह ग्यास उत्सर्जनको लगभग १० प्रतिशत र बेलायतको मिथेन उत्सर्जनको ४७ प्रतिशतका लागि खेती प्रणाली जिम्मेवार छ। यसमध्ये धेरैजसो पशुपालनले ओगटेको छ। जैवविविधतामा ठुलो मात्रामा ह्रास हुनुमा कृषिविधि पनि जिम्मेवार रहेको छ । उदाहरणका लागि २०२२ मा युकेको फार्मल्यान्ड बर्ड इन्डेक्स सन् १९७० को मूल्यभन्दा ६० प्रतिशत कम थियो। यीमध्ये धेरैजसो जैवविविधतामा गिरावट सन् १९७० को दशकमा खेती विधिमा परिवर्तन भएपछि सुरु भयो । धेरै किसानले हालका वर्षमा यसलाई परिवर्तन गर्न थालेका छन्। थप जैविक अभ्यास, वन्यजन्तुका लागि पोखरी खन्ने, रुख रोप्ने र हेजरोजस्ता लोपोन्मुख प्रजातिलाई हेरचाह गर्नेजस्ता काम गर्न थालेका छन् । वेल्स सरकारले आफ्नो प्रस्तावित एसएफएस योजनाले खाद्य उत्पादन सुरक्षित गर्ने तर जलवायु र प्रकृतिको आपतकालीन अवस्थालाई पनि सम्बोधन गर्ने तर्क गरेको छ। किसानहरूको यो विद्रोहलाई रोक्न बेलायती प्रधानमन्त्री ऋषि सुनक परामर्श गरिरहेका छन्। नदीको प्रदूषण रोक्न बेलायतमा २० मिलियन पाउन्डको आर्थिक सहायता घोषणा गरिएको छ ।

**नियम र नोकरशाही**

युरोपियन युनियनका किसान अत्यधिक नियमनका कारण समस्या भएको बताउँछन्। भर्खरै लागु भएको नयाँ अनुदान नियममा चार प्रतिशत खेतीयोग्य जमिन छोड्नुपर्ने आवश्यकता औंल्याइएको छ । पारम्परिक खेतीलाई अनिवार्य उपयोग गर्नुपर्ने बाध्यतालाई किसानले झन्झटिलो ठानेका छन्। कृषि कार्यमा प्रयुक्त कार्बन उत्सर्जन कम गर्ने, जलवायु परिवर्तनसँग जुध्न नयाँ नियम बाध्यकारी ठानिएको युरोपमा किसानहरू विद्रोही बनेका छन् । त्यो विद्रोह यतिखेर युरोपका सडकमा किसानले आफ्ना ठुला ठुला ट्र्याक्टर र ट्रेलरहरू तेर्साएका मात्र छैनन्, टायर बालेर सडक अवरुद्ध गर्दै किसानलाई सम्मान गर्न र कृषि कर्मलाई न्याय गर्न माग गरिरहेका छन् । स्पेनमा किसानहरूले ब्रसेल्समा बनाइएको ‘निसासिँदो नोकरशाही’ किसाननीतिबारे गुनासो गरेका छन्, जुन नीतिले बालीहरूको नाफा घटाउँछ। उता ग्रिसमा किसानहरूले २०२३ मा भएको बाढीमा नासिएको बालीको क्षति र पशुधनका लागि उच्च अनुदान र छिटो क्षतिपूर्तिको माग गरेका छन् ।

**बढ्दो डिजेल इन्धन लागत**

जर्मनी र फ्रान्समा इयुका सबैभन्दा ठुला कृषि उत्पादक किसानहरूले कृषि डिजेलमा अनुदान वा कर छुट अन्त्य गर्ने योजनाको विरोध गरेका छन्। ग्रिसका किसानहरूले डिजेलमा लगाइएको कर कम गर्न अनुरोध गरेका छन् । रोमानियामा मध्यजनवरीमा भएका प्रदर्शनहरू मुख्यतया डिजेलको उच्च मूल्यविरुद्ध भएका थिए। फ्रान्सका धेरै उत्पादकले खाद्य मुद्रास्फीतिलाई कम गर्न सरकारी अभियानका कारण ऊर्जा, मल र यातायातको उच्च लागत पूरा गर्न असमर्थ भएको बताएका छन् ।

**‘भोक हटस्पट’**

(बाँकी तेश्रो पेजमा)

## मानिसको जीवनमा सबैभन्दा रंगको ठूलो महत्व

मानिसको जीवनमा रंगको ठूलो महत्व छ, जीवन नै रंगीन छ । बेरंग जीवन अर्थात् रंगबिनाको जीवन मानिसले सहजपूर्वक जिउन सक्दैन । जीवनमा रंग भएन भने मानिसको मन उदास, निराश र बेचैन हुन्छ । दिउ“सै चारैतिर निस्पट्ट अ“ध्यारो देख्छ । उसको आशा मर्छ, विश्वास मर्छ, चाहना मर्छ । उसलाई कुनै कुराप्रति पनि रमाइलो लाग्दैन । तर, जीवन रंगिन भयो भने मानिसको मन खुसी हुन्छ । प्रसन्न हुन्छ, दुःखमा पनि सुखको आशा गर्छ । अँध्यारोपछिको उज्यालोको पर्खाइमा हुन्छ । कालो बादलमा पनि चाँदीको घेरा देख्छ । त्यसैले मनोवैज्ञानिकरूपमा पनि मानिसको जीवनमा रंगको ठूलो महव छ । होलीमा थरिथरिका रंग खेल्नुको मनोवैज्ञानिक कारण पनि जीवनलाई रंगिन बनाउनु हो । जीवनमा रंगको यही महत्वलाई हृदयंगम गरेर नै हाम्रा पूर्वजले यस्ता चाडपर्व, जात्रा तथा उत्सव मनाउन सुरु गरेका हुन् ।हुन त समयसँगै जीवनमा रंग छर्ने थरिथरिका माध्यम थपिएका छन् । हिजोआज जीवनलाई रंगिन बनाउने अनेक माध्यम छन् । कोही फुटबल तथा क्रिकेटजस्ता खेल खेलेर तथा हेरेर रमाइलो मनाइरहेका हुन्छन् । कोही फिल्म हेरेर, संगीत सुनेर, कोही दोहोरी गाएर, कोही भोजभतेर गरेर, कोही होलीजस्ता चाडपर्व मनाएर, कोही मेला र जात्रा सजाएर त कोही मायाप्रिती गा“सेर जीवनमा रंग छर्ने कार्य गरिरहेका हुन्छन् । यस्ता रंगिगि उत्सवले सामाजिक तथा मनोवैज्ञानिक महव राख्छ । वास्तवमा यस्ता उत्सवहरुले मानिसको उत्साह बढाउ“छ, दुःख पीडा, कुण्ठा तथा निराशाहरुलाई हटाउ“छ । जीवनको अँध्यारोमा उज्यालोको रंग भर्ने काम गर्छ ।

- दिपेश कुमार शाह

॥।समृद्ध नेपाल, सुखी नेपाली’ दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौ । - महागढीमाई नगरपालिका, बारा

## अन्तराष्ट्रिय समाचार

# ’विपक्षीविहीन चुनाव’मा पुटिन पुनः राष्ट्रपतिमा निर्वाचित

०६ चैत्र । रूसी नेता भ्लादिमिर पुटिन राष्ट्रपतिको ६ वर्षको नयाँ कार्यकालका लागि निर्वाचित भएको रूसी सञ्चारमाध्यमले जनाएका छन् । प्रायः विपक्षी नेता सहभागी नभएको निर्वाचनमा राष्ट्रपति पुटिनसँग प्रतिस्पर्धा गरेका अन्य तीन जना प्रतिस्पर्धीहरू क्रेमलिनले खडा गरेका देखावटी उम्मेदवारहरू मात्र भएको उनका आलोचकहरूले आरोप लगाएका छन् । रूसी निर्वाचन अधिकारीहरूले सार्वजनिक गरेको चुनावी नतिजा अनुसार पुटिनले ८७ प्रतिशत मत पाएका छ भने उनका प्रतिस्पर्धी निकोलाई खारितोनोभले ४.१ प्रतिशत, भ्लादिस्लाभ दाभान्कोले ३.८ प्रतिशत र लियोनिद स्लट्स्काईले ३.१५ प्रतिशत मत प्राप्त गरेका छन्। निर्वाचन अधिकारीले चुनावमा ७४ प्रतिशत मतदाता सहभागी भएको बताएका छन्। आलोचकहरूले यो निर्वाचनमा खासमा कुनै भरपर्दा विपक्षी नेतालाई निर्वाचनमा उम्मेदवार बन्नबाट रोक लगाइएको यो निवाचनमा राष्ट्रपति पुटिनले सन् २०१८ को निर्वाचनमा ल्याएकोभन्दा झन्डै १२ प्रतिशत मत बढी ल्याएको देखिन्छ। रूसको राजनीतिमा सशक्त विपक्षीको भूमिका खेल्दै आएका एलेक्सी नभाल्नीको निर्वाचनभन्दा करिब एक महिना जेलमा मृत्यु भएको थियो । मृत्युलाई पुटिनका आलोचक तथा विपक्षी नेताहरूले ‘रहस्य’का रूपमा हेर्दै आएका छन्। यो समय पुटिनको आलोचक मानिने प्राय नेता कित विदेशमा निर्वासित जीवन बिताइरहेका छन् कि रूसी जेलमा छन् । निगरानी समूह ओभीडी-इन्फोका अनुसार निर्वाचनका समय विपक्षी नेताहको अभियानलाई सघाएका कम्तीमा ८० जना रूसी नेता पक्राउ परेका छन् । यसैबीच, रूसका पूर्वव्यवसायी तथा क्रेमलिनका आलोचक मिखाइल खोदोर्कोभ्स्कीले रूसी शासकविरुद्ध विपक्षी एकजुट रहेको पुष्टि गर्दै सोमबार पश्चिमा सरकारलाई भ्लादिमिर पुटिनको विजयलाई मान्यता नदिन आग्रह गरेका छन् । सेन्टर फर लिबरल मोडर्निटी थिङ्कट्याङ्कमा आयोजित एक कार्यक्रममा उनले भने, ’हामीले पश्चिमा समाजप्रति ठूलो अपेक्षा राखेका छौं र हामी पुटिनलाई बैध नमान्न आग्रह गर्छौं ।’ भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले निर्वाचनबाट चुनिएकोमा रूसी राष्ट्रपति पुटिनलाई बधाई ज्ञापन गर्दै उनीसँग आगामी दिनमा थप सहकार्य गर्ने बताएका छन् ।

कैयौं पश्चिमा देशहरूले पनि रूसको चुनाव स्वतन्त्र र निष्पक्ष नभएको भन्दै आलोचना गरेका छन् । वासिंटनले ‘स्वाभाविक रूपमा चुनाव स्वतन्त्र र निष्पक्ष नरहेको’ जनाएको छ । अमेरिकाले जस क्रममा पुटिनले राजनीतिक विपक्षीहरूलाई जेल हालेको र अन्यलाई उनीविरुद्ध चुनाव लड्न रोक लगाएको कुरा उल्लेख गरेको छ । जर्मनीले त्यसलाई नियन्त्रण, दमन र हिंसाका भरमा एक अधिनायकवादी शासकले गराएको ‘छद्म निर्वाचन’ को संज्ञा दिएको छ । पूर्वप्रधानमन्त्रीसमेत रहेका बेलायतका वर्तमान विदेशमन्त्री डेभिड क्यामरूनले ‘युक्रेनी भूभागमा गराइएका गैर कानुनी निर्वाचन’ को निन्दा गरेका छन् । युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले ‘रूसी शासकले थप एक चुनावको नाटक गरेको’ टिप्पणी गरेका छन् । उनले जीवनभर शासन गर्नका लागि पुटिनले जे पनि गर्ने जिकिर गरे । पोल्यान्डले मतदान निकै दमनको अवस्थाबीच भएको र त्यस्तो अवस्थामा स्वतन्त्र र लोकतान्त्रिक विकल्प छान्नु असम्भव भएको बताएको छ। निर्वाचनको नतिजा सार्वजनिक भएपछि नेता पुटिनले रूसी सामाजिक सञ्जाल टेलीग्राममार्फत सन्देश जारी गर्दै आगामी दिनमा देशको सेनालाई थप बलियो बनाउने र ‘युक्रेनमा रूसको विशेष सैन्य कारवाही’लाई प्राथमिकतामा राख्ने बताएका छन् । उनले प्राप्त नतिजाले रूसको हालको कदमप्रति जनताले विश्वास प्रस्तुत गरेको बताएका छन्। रुसीहरू एकताबद्ध हुँदासम्म उनीहरूलाई कसैले भयभित पार्न वा दबाउन उनको भनाइ छ ।

# शुभ कनास्करको उत्कृष्ट ब्याटिङ्गमा मकवानपुर बिजयी,जनकपुर स्तब्ध

*अखिलेश कुमार यादव*

बारा, ०६ चैत्र । प्रथम जीतपुरसिमरा क्रिकेट कप प्रतियोगिता अन्तर्गत मंगलबार भएको खेलमा मकवानपुर क्रिकेट क्लब ३१ रनले बिजयी भएको छ। समूह ‘बि’ को पहिलो खेलमा मकवानपुर क्रिकेट क्लबले जनकपुरलाई ३१ रनले पराजित गरेको छ। टस जितेर पहिला ब्याटिङ्ग रोजेको मकवानपुरले निर्धारित २० ओभरमा ३ विकेट गुमाउँदै १८१ रन जोडेको थियो ।मकवानपुरको लागि शुभ कनास्करले बिस्फोटक ब्याटिङ्ग १११ रन बनाए ।कनास्करले ५५ बलमा ९ चौका र ८ छाका प्रहार गरे । यसैगरी मकवानपुरका सुमन सुनार २४ गौरभ खडका १८ र अस्तिक दहाल १८ रन बनाए ।जनकपुरको धवन सहनी,साइमन रोय र अबजीत मण्डलले समान १/१ विकेट हात पारेको थियो ।टिमलाई जित दिलाएको शुभ कनास्कर प्लेयर अफ द मैच घोषित भए ।उनलाई नेकपा एमाले मधेश प्रदेश सचिव मनोज पौडेल र शुभारम्भ कलेजका अध्यक्ष लाल प्रसाद पुडासैनीले पुरस्कार प्रदान गरेका थिए । १८२ रनको लक्ष्य पछ्याउन मैदान उत्रेका जनकपुरले १९.२ ओभरमा अलआउट हुँदै १५० रन बनाए। जनकपुरको लागि हिमान्सु दत्तले बिस्फोटक ब्याटिङ्ग गर्दै ६९ रन बनाए ।दत्तले ३८ बलमा ६ चौका र ४ छाका प्रहार गरे ।

त्यस्तै जनकपुरका लागि अलि अकबर अन्सारी २८ बिशाल सुशलिङ्ग १९ र चन्दन यादवले १३ रन बनाए । मकवानपुरका लागि शुभ कनास्करले ३ ओभर बलिङ्ग गर्दै ७ रन खर्चेर सर्वाधिक ५ विकेट लिए ।पहिलो जीत निकाल्दै मकवानपुर क्रिकेट क्लबले २ अंक जोडेको छ ।बुधवार खुकुरी क्रिकेट क्लब भैरहवा र जनकपुर एक आपसमा भिड्ने छ ।अभियान नेपालको आयोजना र जीतपुरसिमरा उपमहानगरपालिकाको मुख्य सहयोगमा आयोजित प्रतियोगिताको विजेताले एक लाख र उपविजेताले ५० हजार नगद प्राप्त गर्नेछन् ।

## १ ग्राम खैरोहिरोईनसहित वीरगंजबाट २ जना पक्राउ

वीरगंज, ०६ चैत्र । जिल्ला प्रहरी कार्यालय पर्साले प्रतिबन्धित लागूऔषधसहित २ जनालाई पक्राउ गरेको छ । वीरगंज महानगरपालिका वडा नम्बर १६ रजतजयन्ती चोकस्थित सडकखण्डबाट प्रहरी चौकी ईनर्वाबाट खटिएको चेकिङ टोलीले २ जनालाई पक्राउ गरेको हो । भारतबाट नेपालतर्फ आवतजावत गर्ने सवारी साधन तथा पैदल यात्रुलाई चेकजाँच गर्ने क्रममा २ जना शंकास्पद अवस्थामा भारतबाट नेपालतर्फ आउँदै गरेको अवस्थामा चितवनको भरतपुर महानगरपालिका वडा नम्बर १७ निवासी २४ वर्षीय अमित गुरुङ र सोही ठाउँकी २४ वर्षीय सुनिता वि.क.लाई पक्राउ गरेको पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले जानकारी दिए । उनीहरुको साथबाट प्लाष्टिक बाहेक १ ग्राम खैरो हिरोईन जस्तो देखिने पदार्थ बरामद भएको डिएसपी थापाले बताए । दुवैजनालाई नियन्त्रणमा लिई लागूऔषध सम्बन्धी कसूरमा आवश्यक अनुसन्धान भइरहेको छ । सम्भारः यात्रा डेली

# जीएचपी स्कूलको बदमासीको मारमा अभिभावकपछि ठेकदार



वीरगंज, ०६ चैत्र । वीरगंजको पावर हाउस चोकमा संचालनरहेको जिएचपी स्कूलकी संचालिका रविन्द्र कवरको बदमासी फेरी प्रकाशमा आएको छ। संचालिका कवरको पटक पटक सामाचार आउनु कुनै नौलो कुरा हाइन, कहिले बीधार्थीलाई कुटेर त कहिले अभिभावकलाई त्रसाएको वा कहिले गुरुद्वाराको जग्गा अतिक्रमण गरेर चर्चा बटोलीरहेकी कवर अहिले आफ्नो स्कूलको कमपाउन्डमा माटो खसाली पैसा नदीइ उल्टै ठेकदारलाई त्रसाउने गरेको समाचार प्राप्त भएको छ ।

विद्यालय कमपाउन्डमा माटो खसालेका ठेक्दार दिपेन्द्र कुमार सिंहले विद्यालयकी संचालिका कवरले पैसा नदिएको भन्दै मंगलबार वडा प्रहरी कार्यालय श्रीपुरमा उजरी समेत दिएका छन् । मिती २०८०।१२।४ गते प्रति टिपर रु ४००० को दरले तय गरि विद्यालय कमपाउण्डमा १० टिपर माटो खसाले

(बाँकी अन्तिम पेजमा)

गर्मी मौसममा प्रसस्त पानी पिउने गरौं स्वस्थ्य रहौं ।

**खाद्य ......................**

नोभेम्बर २०२३ देखि अप्रिल २०२४ को अवधिमा खाद्य र संयुक्त राष्ट्र संघको कृषि संगठन ( एफएओ) र विश्व खाद्य कार्यक्रम ( डब्लुएफपी)ले प्रारम्भिक चेतावनी जारी गरेको छ । जसअनुसार विश्वका १८ भोक हटस्पटहरू, दुई क्षेत्रीय क्लस्टरसहित कुल २२ देश वा क्षेत्रमा तत्काल मानवीय कार्य सुरु गर्नुपर्ने जनाएका छन्। ती क्षेत्रमा पहिले नै खाद्य असुरक्षामा उच्चस्तरको गिरावट देखिएकाले उनीहरूको जीविकोपार्जन जोखिममा देखिन्छ। यस्ता भोक हटस्पटहरूले सम्भवतः महत्त्वपूर्ण खाद्य असुरक्षाको सामना गर्नेछन् । सबै भोक हटस्पटमा जीविकोपार्जन र जीवन बचाउन लक्षित मानवीय कार्य तत्काल आवश्यक छ। भोक र मृत्यु रोक्नका लागि बुर्किना फासो, माली, प्यालेस्टाइन, दक्षिण सुडान र सुडानमा महत्त्वपूर्ण मानवीय कार्य भइरहेको छ । सन् २०२४ को प्रारम्भमा कृषि सूचना प्रणाली बजार मनिटरका अनुसार विश्वव्यापी वस्तु बजारले सापेक्ष स्थिरता कायम राखेको छ। गहुँ, मकै र भटमासको निर्यात मूल्य दुई वर्षयताकै न्यून बिन्दुमा पुगेको छ। यद्यपि चामलको मूल्य उत्पादन कमी र भारतले लगाएको निर्यात प्रतिबन्धका कारण एक वर्षअघिको तुलनामा झन्डै एक तिहाइ बढी रहेको मानिन्छ ।

**के गर्दैछ सरकार ?**

युरोपेली आयोगले गत महिनाको अन्त्यमा सबैभन्दा संवेदनशील उत्पादनहरू जस्तैः कुखुरा, अन्डा र चिनीका लागि ‘आपतकालीन ब्रेक’को परिचय दिएर युक्रेनबाट कृषि आयात सीमित गर्ने प्रस्ताव गरेको थियो। आयोगले २०२४ का लागि किसानहरूलाई ‘इयु खेती समर्थन भुक्तानी’ प्राप्त गर्नका लागि किटनाशक औषधीको प्रयोग नगरी बाली उब्जाउनुपर्नेछ। फ्रान्सेली युवा प्रधानमन्त्री गेब्रियल एटलले किसानहरूलाई उच्च मूल्य प्राप्त गर्न र कर्मचारीतन्त्र एवम् नियमलाई सरल बनाउनका लागि विभिन्न उपाय र खाद्य नियन्त्रणका सुगम तरिकाहरूको घोषणा गरेका छन्। पेरिस र बर्लिन कृषि डिजेलमा अनुदान वा कर छुटहरू अन्त्य गर्ने योजनाबाट पछाडि फर्केका छन्। रोमानिया सरकारले डिजेल अनुदान बढाउन, बिमा दर सम्बोधन गर्न र अनुदान भुक्तानीलाई छिटो बनाउन कार्य गरेको छ। पोर्चुगल कार्यवाहक सरकारले लामो समयदेखि चलिरहेको खडेरीको प्रभावलाई कम गर्न २० करोड युरोसहित ५० करोड युरोको आपतकालीन सहायता प्याकेज घोषणा गरेको छ। दुःखको कुरा नेपाल सरकारको प्राथमिकता किसानहरू होइनन्, झापाका धानबारीमा १८ तले भ्युटावर, चितवनमा भएको कृषि विश्वविद्यालयलाई क्रिकेट रंगशाला बनाउनेदेखि पवित्र नारायणी किनारमा सी-बिच मोडेलको कंक्रिट साम्राज्य खडा गर्नुमा छ ।

**सिक्नुपर्ने पाठ**

यहाँ कृषिविज्ञ प्रधानमन्त्रीको गृहजिल्लामा रहेको कृषि विश्वविद्यालय खेदिएको छ। विद्यार्थी नपाएर विश्वविद्यालय रोइरहेको छ। विद्यार्थीलाई प्राक्टिकल गराउनुपर्ने जग्गामा जबर्जस्ती क्रिकेट मैदान बनाइएको छ। सोही क्रिकेट मैदानलाई रातरात अर्बौंको बजेट पारिएको छ । सारालाई पाल्ने किसानहरू अपमानित भएका छन्। खाद्यप्रणालीको गफ दिइरहँदा समाज आज भारतबाट आएका अनियन्त्रित विषाक्त तरकारी र फलफूल खाएर रोगी बनिरहेको छ। अर्बौंको रासायनिक मल किन्दा त्यसको केही प्रतिशत अनुदान स्थानीय प्राङ्गारिक मल कारखानाहरूलाई दिन ढिला गर्नु हुँदैन । भारत सरकारले आफ्ना किसानलाई प्रदान गर्ने सहुलियत र किसानमैत्री कृषि नीतिकै कारण सस्तोमा कृषि उत्पादन हुन सकेको हो। विश्वका त्यस्ता सफल किसानमैत्री नीति तथा कार्ययोजना नेपाल सरकारले तुरुन्त अवलम्बन गर्नुपर्छ। भारतमा सिंचाइको राम्रो व्यवस्था, बिउ, रासायनिक मल तथा कृषि उपकरण खरिदमा कर छुट, कृषि उत्पादनको बजारीकरणको उचित प्रबन्ध, विदेश निर्यातमा सुविधाजस्ता कार्यक्रमकै प्रतिफल त्यहाँबाट तरकारी तथा कृषिजन्य उत्पादन नेपालमा सस्तोमा आइपुगेका हुन्। यसका लागि राज्यले आफ्नो कुल गार्हस्थ उत्पादनको दुई प्रतिशत खर्च गर्दोरहेछ, जुन किसानको उत्पादन लागतको २१ प्रतिशत हुन आउँछ। हामीसँग यस्तो तथ्यांक छ कि छैन ?

नेपालले विश्वका यस्ता नमुनानीतिहरूबाट पाठ सिक्दै बिचौलिया र ठूला पुँजीपतिलाई फाइदा हुने गरेर होइन, बिपी कोइरालाले भनेझैं भुइँमान्छे, दुःखित भूमिपुत्र, सोझा किसानहरूलाई सम्झेर नीति बनाउनुपर्छ। के हाम्रा पार्टीहरू कृषि, ऊर्जा, शिक्षा नीतिबारे भुइँमान्छेका आवाज मुखरित हुनेगरी नीति मन्थन गर्न तयार छन् त? किसानका वास्तविक समस्याप्रति संवेदनशील छन् त? उखु, दुधजस्ता कृषि उत्पादनको पैसा नपाएर देशको राजधानी धाउनुपर्ने बाध्यताको अन्त्य कहिले होला ? - नागरिकन्युजबाट

भुल लगाऔं लामखुट्टेबाट बचौं ।

शुभआरम्भ राष्ट्रिय दैनिक

**वन ........................**

झा, अजयकुमार यादव, राकेशकुमार यादव, नारायण ढुंगेल र दिलिप महतोविरुद्ध पनि सोही बराबरको बिगो कायम गरी भ्रष्टाचार मुद्दा दायर गरिएको छ । सम्भारः यात्रा डेली

**आधुनिक ..............**

न्यून आम्दानीका कारण यस पेशाबाट मानिसहरु पछि हटेको उनको भनाइ छ । लोहसारीमा फलाम पिट्नु कठिन काम भएको तथा प्रयोग हुने कोइला महंगो भएको र ज्यालादारी सन्तोषजनक नहुँदा आफ्ना छोराछोरीहरूलाई अन्य पेशामा लगाउने ठाकुरले बताए । पूर्खौली पेशा जोगाउन आफूले बिहान फलाम पिट्ने, फलामका औजार मर्मत गर्ने गरेको उनको कथन थियो । उनी भन्छन् ‘पेशा जोगाउन भएपनि बिहान नौ बजेपछि सिकर्मीको काम गर्न ठोरी गाउँपालिकामा रहेको फर्निचरमा काम गर्छु, यसले दैनिकी चलाउन भने पुग्दैन, त्यहि कारण छोराछोरीलाई भने अन्य काम लगाउने गर्दछु ।’ - रेसखबरबाट

बिन्दबासिनी गाउँपालिका कार्यालय
पर्साद्वारा जनहितमा जारी

- सरसफाई हामी सबैको पहिचान हो स्वस्थ जीवनयापनका लागि आफ्नो घर-आंगन, सडक पेटी जथाभावी फोहर फाल्ने काम नगरौं । नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं ।
- वातावरण हामी सबैका साझा सम्पत्ती हो ।
जथाभाबि फोहर नफालौ र आफ्ना क्षेत्र सफा राख्नमा सहयोग गरौ ।
- लैगिंक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैगिक हिंसा मुक्त गरौं ।
- समयमा कर तिरौं, नगरको बिकासमा सहभागी बनौं ।
- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता बसाई सराई लगायतका घटना दर्ताहरु समयमै गरौं ।

# शिक्षकहरूको अन्तरजिल्ला सरुवा रोक्का




*काठमाडौं, ०६ चैत्र ।*

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सामुदायिक विद्यालयका शिक्षकको सरुवासम्बन्धी मापदण्ड निर्धारण तथा र शिक्षक सेवा आयोगको परीक्षा समाप्त नभएसम्म शिक्षकहरूको अन्तरजिल्ला सरुवा रोक्का गरेको छ ।

हालैको मन्त्रीस्तरीय निर्णयबाट शिक्षक सरुवालाई व्यवस्थित, प्रभावकारी र वैज्ञानिक बनाउन मापदण्ड तयार गरी आयोगका हाल जारी परीक्षा सम्पन्न भएपछि मात्रै अन्तरजिल्ला सरुवा फुकुवा गर्ने निर्णय भएको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले जानकारी दिए ।

मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं ।

# लागुऔषधसहित चारजना पक्राउ



*पर्सा, ०६ चैत्र ।*

पर्साबाट लागुऔषध खैरो हेरोइनसहित चार जना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय पर्साले मंगलबार दुईग्राम लागुऔषध खैरो हेरोइनसहित चार जनालाई पक्राउ परेका हुन् । प्रहरीले वीरगंज-१६ रजतजयन्ती चोकबाट दुईजना र वडा नम्बर १५ को चालीस फिट्टे नजिकैबाट २ जना गरी ४ जनालाई पक्राउ गरेको हो । पर्साका प्रहरी नायब उपरीक्षक डीएसपी कुमार विक्रम थापाले चेकजाँचका क्रममा उनीहरूको साथबाट लागुऔषध खैरो हेरोइन बरामद भएको बताए । पक्राउ पर्नेहरूमा चितवन भरतपुर-१७ शारदानगर बस्ने २४ वर्षका अमित गुरुङ र सोही ठाउँकी २४ वर्षीया सुनिता विक छन् । यस्तै पक्राउ पर्नेमा रौतहट चन्द्रनगर नगरपालिका वडा नम्बर ५ बस्ने २४ वर्षका सेजल श्रेष्ठ र पर्साको जीराभवानी गाउँपालिका-२ का १९ वर्षीय विजय साह रहेका छन् । उनीहरूलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखी थप अनुसन्धान भइरहेको प्रहरीले बताएको छ ।

गर्मी मौसममा प्रसस्त पानी पिउने गरौं स्वस्थ्य रहौं ।

# नेपालको भन्सार हुकुमी शैलीमा चलिरहेको छ : प्रदीप यादव



*वीरगंज, ०६ चैत्र ।*

जनता समाजवादी पार्टीका प्रमुख सचेतक प्रदीप यादवले नेपालको सीमा नाकामा रहरेका भन्सार हुकुमी शैलीमा चलिरहेको बताएका छन्। मंगलबार प्रतिनिधि सभामा अर्थमन्त्री वर्षमान पुनले पेस गरेको भन्सार विधेयकमाथि आफ्नो धारणा राख्दै पर्सा क्षेत्र नम्बर १ प्रतिनिधिसभा सदस्यसमेत रहेका यादवले भन्सारमा तस्कर र कर्मचारीहरूको राज रहेको बताए । उनले भन्सार कार्यालयका कर्मचारीहरूको मिलोमतोमा तस्करहरूले कम बिलबिजक देखाएर राजश्व छलेर मालसामान भित्र्याइरहेको बताए। यादवले भने, 'भन्सार हुकुमी शैलीमा चलिरहेको छ। किनभने आयातकर्ताले भन्सार मूल्यपुस्तिकाभन्दा कम मूल्यको बिलबिजक पेस गरेमा भन्सार विभागले ५० प्रतिशत जरिवाना लाग्छ। तर, भन्सार मूल्यपुस्तिकाभन्दा बढी बिलबिजक पेस गरेर सोहीअनुसार एलसी खोल्छ। त्यसमा जरिवाना लाग्दैन। बिलभन्दा बढी रकम हुण्डीमार्फत देशमा आइरहेको छ। यसले राज्यलाई घाटा भइरहेको छ ।' सन्सारको अहिलेको नीति नै स्वदेशी उद्योगलाई डुबाउने खालको रहेको यादवको भनाइ छ। विदेशबाट आउने कच्चा पदार्थको भन्दा तयारी वस्तुको आयातमा लाग्ने भन्सार राजश्व दर कम रहेको उनले बताए। जसका कारण विदेशबाट कच्चा पदार्थ आयात गरेर उत्पादन गरिरहेका स्वदेशी उद्योगहरूले आफ्ना मालवस्तु विदेशमा निर्यात गर्न नसकिरहेको उनले बताए। सम्भार: अन्नपुर्ण पोष्ट

## सभ्य एवं सुरक्षित रूपमा होली पर्व मनाऔ ।

होली पर्वलाई सभ्य शिष्ट स्वस्थकर र मर्यादित तवरले मनाऔं ।
आत्मीयरुपमा नजिक भएका व्यक्ति वा आफन्तसंग मात्र होली खेलौं ।
भांग गांजा वा कुनै किसिमको नसालु पदार्थ सेवन नगरौं ।
होली पर्वको नाममा जांड रक्सीको सेवन गरी उच्छ्रृङ्खल कृयाकलाप नगरौं ।
असभ्य र अश्लिल होलीका गीतहरू बजाऔं ।
ध्वनि प्रदुषण हुने गरी र मानव स्वास्थ्यमा प्रतिकूल असर पार्ने खालको चर्को आवाजमा बाजा माईक डिजे आदिको प्रयोग नगरौं।
कसैको इच्छाविपरीत रंग लोला मोबिल मोसो केमिकल र फोहर पानी फाल्ने जस्ता कार्यहरू नगरौं।
महंगा गहना लगाई होली नखेलौं ।
ट्राफिक नियमको पूर्ण पालना गर्दै मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं ।
अशक्त महिला बालबालिका ज्येष्ठ नागरिक तथा पर्यटकलाई कुनै पनि प्रकारको दुर्व्यवहार नगरौं ।
रेलिङ नगभएको छत तथा सडक तथा भिडभाड हुने स्थानमा होली नखेलौं।
साझ अवेलासम्म होली नखेलौं ।

प्रसौनी गाउँपालिकाको कार्यालय
प्रसौनी, बारा

# वन कार्यालय पर्साका प्रमुख हेमन्तप्रसाद साह सहित २४ जनामाथि भ्रष्टाचार मुद्दा दायर

*वीरगंज, ०६ चैत्र ।*

अधिकृत हेमन्तप्रसाद साहविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर भएको छ । डिभिजन वन कार्यालय पर्साका प्रमुख वन साह सहित २४ जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको अख्तियारका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिएका छन् ।




जलेश्वर महोत्तरीमा कार्यरत रहेका बेला तत्कालीन वन अधिकृत साहले रम्तेलडाँडा सामुदायिक वन क्षेत्रको रूखमा छापा, टाँचा गराई, कटान गर्न इजाजत दिई, वन क्षेत्रको रूख व्यक्तिलाई लाभ हुने गरी विभिन्न जातका ४०६ वटा रूख कटान गरी भ्रष्टाचार गरेको पुष्टि भएकाले साहविरुद्ध ११ लाख ९६ हजार ६९५ रुपैयाँ बराबरको बिगो कायम गरी विशेष अदालतमा मुद्दा दायर गरेको हो । सोही विषयमा अख्तियारले डिभिजन वन कार्यालय जलेश्वर, महोत्तरीका तत्कालीन सहायक वन अधिकृत बेचन ठाकुर सब-डिभिजन वन कार्यालय बर्दिवास, महोत्तरीका तत्कालीन सहायक वन अधिकृत लक्ष्मणप्रसाद यादव, फरेष्टर सन्तोष कुमार साह, वनरक्षक राजकिशोर

(बाँकी तेस्रो पेजमा)

# मधेस प्रदेशका भौतिक मन्त्रीलाई थप दुई मन्त्रालयको जिम्मेवारी

*जनकपुर, ०६ चैत्र ।*

एमालेका तर्फबाट मधेस प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रीमा नियुक्त सरोज कुमार यादवलाई थप दुई मन्त्रालयको पनि जिम्मेवारी थपिएको छ ।

यादव सोमबार मात्र मन्त्री नियुक्त भएका थिए । उनले मंगलबार नै प्रदेश प्रमुख सुमित्रा भण्डारीबाट पद तथा गोपनीयताको शपथ लिएर पदभार ग्रहण गरेका थिए ।

मंगलबार मुख्यमन्त्री सरोजकुमार यादवको सिफारिसमा प्रदेश प्रमुख भण्डारीले मन्त्री यादवलाई गृह, संचार तथा कानुन मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको जिम्मेवारी तोकेकी हुन् । संम्भार: रातोपाटी

## जीएचपी .....................

भरपाई समेत दिइकी संचालीका कवरले पछि माटो बढी भाएको भन्दै ठेकदारलाई खसालेको माटो लग्न भन्दै पैसा नदिए ठेकदारले दिएको उजरीमा उल्लेख छ । संम्भार: वीरगँज टाइम्स

## सिम्रौनगढ नगरपालिकाको वडा नं १ को कार्यालयको नागरिक स्वास्थ्य बिमा सम्बन्धी सुचना

नेपालको संविधानले निदृष्ट गरे बमोजिम स्वास्थ्य सेवालाई प्रत्येक नागरिकले उपभोग गर्न पाउने प्रत्याभूतिका लागि मौलिक हकको रुपमा स्थापित गरेको साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहमा रहेका नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवामा सरल सहज पहुँच सुनिश्चित गर्नको लागि यस सिम्रौनगढ नगरपालिका वडा नं १ भित्र स्थायी बसोबास भएका सम्पूर्ण नागरिकहरुको लागि निशुल्क स्वास्थ्य बिमा कार्यक्रम लागू गर्न लागिएकोले लाभग्राही छनौट गर्ने प्रयोजनार्थ आवश्यक कागजातहरु संलग्न गरी वडा कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको लागि जानकारी गराइन्छ ।

*आवश्यक कागजातहरु:*

१. कार्यालयले उपलब्ध गराए बमोजिम ढाँचामा निवेदन
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
३. स्थायी ठेगाना खुल्ने कागजात (नागरिकामा स्थायी ठेगाना हालको भन्दा अन्यत्र भए)
४. जन्मदर्ता प्रमाण पत्र (वालवालिकाको हकमा)
५. विवाह दर्ताको प्रमाण पत्र
६. बसाइ सरी आएको भए सो को प्रमाणपत्र ।

दिनदयाल मुखिया
वडा अध्यक्ष

## प्रसौनी गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

- गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर व्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहित गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्तिमा संरक्षणमा गाँउपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित व्यवस्थापन गरी सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।